साना किसान विकास बैंक(वित्तीय संस्था)को प्रकाशन

# साना किसान

द्वैमासिक

वर्ष २ पूर्णाङ्क ३, २०६३ जेष्ठ-असार

यस अंकमा :

※ गतिविधि पृ. २
※ साना किसान विकास बैंकको संक्षिप्त परिचय पृ. ४
※ साना किसान सहकारी संस्था समस्यार चुनौतीहरु पृ. ५
※ मेहनतीहरुको गाउँ-दिगम्बरपुर पृ. ६

नेपाल सरकार

मा. महन्थ ठाकुर
कृषि तथा सहकारी मन्त्री

निवास :- ६६३८१४५
अफिस :- ४२२५१०९
फ्याक्स :- ४२४३१९८
निजी सचिवालय
सिंहदरबार, काठमाडौं
नेपाल

## शुभकामना सन्देश

यस साना किसान विकास बैंक लि. (वित्तीय संस्था) ले स्थापनाको पाँचौं वर्ष पूरा गरेको सुखद् अवसरमा संस्थाको उत्तरोत्तर प्रगति एवं वित्तीय स्वसक्षमताको कामना गर्दै विपन्न वर्गहरुको लघुवित्तमा सहज पहुँच पु्याउन संस्था सफल होस् भनी शुभेच्छा व्यक्त गर्दछु ।

यस वित्तीय संस्थाले गाउँ-गाउँमा साना किसान सहकारीहरुको विकास र प्रवर्धनको माध्यमबाट लघुवित्तको संस्थागत विकास गर्न पु्याएको योगदान प्रशंसनीय रहेको छ । आगामी दिनहरुमा यस वित्तीय संस्थाले नवीन लघुवित्त सेवाहरुको खोज गरी ग्रामीण लघु वित्त संस्थाहरु मार्फत किसानहरु समक्ष अझ प्रभावकारी सेवा पु्याउन सकोस् र राष्ट्रिय स्तरको एक सक्षम र सफल वित्तीय संस्थाको रुपमा स्थापित होस् भनी शुभकामना व्यक्त गर्न चाहन्छु ।

(महन्थ ठाकुर)
कृषि तथा सहकारी मन्त्री

साना किसान विकास बैंक लिमिटेड (वित्तीय संस्था)
केन्द्रीय कार्यालय, बिजुलीबजार, नयाँबानेश्वर, पो.ब.नं. २१९५६, काठमाडौं, नेपाल
साबिक कम्पनीको नाम : साना किसान विकास बैंक लि.
**Sana Kisan Bikas Bank Ltd.** (Bittiya Sanstha)
Central Office, Bijulibazar, Nayabaneshwor, P.O. Box 21956, Kathmandu, Nepal

मिति : २०६३/०३/२२

## शुभकामना सन्देश

साना सिान विकास बैंक (वित्तीय संस्था) ले पाँचौं वर्ष पूरा गरेको सुखद उपलक्ष्यमा शेयर धनी संघ/संस्थाहरु, बैंकको विकास र सम्वर्धनमा निरन्तर सहयोग पु्याउने निकायहरु तथा दातृ संस्थाहरु समक्ष हार्दिक आभार व्यक्त गर्न चाहन्छु ।

अधिराज्यभरि ग्रामीण भेगमा छरिएर रहेका साना किसान सहकारी संस्थाहरुलाई यस बैंकले लघु वित्त क्षेत्रको माग बमोजिम आवश्यक पर्ने थोक कर्जा तथा अन्य प्रविधिक सेवाहरु उपलब्ध गराउँदै आएको छ । विगतको विषम परिस्थितिमा पनि बैंकले लघु वित्त सेवाको विस्तार र सेवाग्राही लक्षित समूहलाई लघु वित्तको पहुँच भित्र ल्याउन गरेका प्रयासहरु सराहनीय रहेको महसूस गरेको छु । यद्यपि ठूलो संख्यामा रहेका लघु वित्त सेवा प्राप्त गर्नबाट बञ्चित विपन्न, सिमान्त र साना किसानहरुलाई कार्यक्रमको दायरा भित्र ल्याउन बैंकले अझै धेरै कार्यहरु गर्न बाँकी छन् । यसका लागि आगामी दिनमा नेपाल सरकार, सहयोगी निकाय तथा दातृ संघ/संस्था समेतको सहयोगको अपेक्षा राख्दै संयुक्त राष्ट्र संघको सहस्राब्दी विकास लक्षले लघु वित्त क्षेत्रको विकासका लागि मार्ग दर्शन गरे अनुरुप उपलब्धि हासिल गर्न बैंकको प्रयास रहने प्रतिबद्धता समेत जाहेर गर्दछु ।

अन्तमा, बैंकलाई वित्तीय स्रोत उपलब्ध गराउने बैंकहरु, अहोरात्र मेहनत गर्ने कर्मचारीहरु, मर्यादित रुपमा वित्तीय कारोबार गर्ने ग्राहक लघु वित्त संस्थाहरु तथा बैंकको समृद्धिका लागि प्रत्यक्ष वा परोक्ष रुपमा सहयोग पु्याउने सबै पक्षहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु । गरिबी न्यूनीकरणका लागि एउटा सक्षम र गतिशील वित्तीय संस्थाको रुपमा स्थापित भई लघु वित्त बजारमा आफ्नो गरिमा उच्च राख्न बैंक सफल रहोस् भन्ने यस सुखद् घडीमा शुभेच्छा व्यक्त गर्दछु ।

(योगेश्वर पन्त)
अध्यक्ष

# स्वागत मन्तव्य तथा बैंकको गतिविधि बारे प्रकाश

- पुरुषोत्तम श्रेष्ठ
महाप्रबन्धक
साना किसान विकास बैंक लि. (वित्तीय संस्था)

साना किसान विकास बैंक पाचौं वार्षिकोत्सव समारोहका प्रमुख अतिथि माननीय कृषि तथा सहकारी मन्त्रीज्यू, बैंक सञ्चालक समितिका अध्यक्षज्यू, सञ्चालकज्यूहरु, एवं यस कार्यक्रममा हाम्रो निमन्त्रणा स्वीकार गरी पाल्नु भएका सम्पूर्ण विशिष्ट अतिथिज्यूहरुलाई हार्दिक अभिवादन एवं स्वागत गर्न पाउँदा ज्यादै खुसी लागेको छ । आजको यस गरिमामय अवसरमा उपस्थित सम्पूर्ण महानुभावहरु समक्ष यस बैंकको गतिविधि बारे संक्षेपमा प्रकाश पार्न सान्दर्भिक हुने ठानेको छु ।

वि.सं.२०५८ आषाढ २२ गते प्रचलित कम्पनी ऐन अन्तरगत स्थापना भएको यस बैंकले आजको दिनमा पाँच बर्ष पुरा गरेको छ । यस अवधिमा बैंकले विभिन्न आरोह, अवरोह र अप्ठ्यारा परिस्थितिहरुसंग जुध्नु पर्‍यो । तथापि लघुवित्त बजारमा अग्रणी भूमिका निर्वाह गर्दै नेपाल सरकारको गरिबी निवारण कार्यक्रममा योगदान पु्याउन एउटा विशिष्ट Apex Institution को रुपमा स्थापित यस बैंकले बाह्य चुनौती र अप्ठ्याराहरुसँग सामना गर्दै आफ्नो निर्धारित दूरदृष्टि र लक्ष प्राप्ति तर्फ अविचलित भई अघि बढिरहेको कुरा यस महत्वपूर्ण भेलामा अवगत गराउन पाउँदा गौरवान्वित भएको छु । औपचारिक बैंकिङ्ग क्षेत्रबाट लघुकर्जा प्राप्त गर्न नसक्ने तर, यस्तो कर्जा उपलब्ध नगराइएसम्म जीवनस्तरमा सुधार आउनै नसक्ने वर्गलाई लक्षित गरी तीन दशक अघिदेखि कृषि विकास बैंकले शुरु गरेको साना किसान विकास कार्यक्रम भित्र गरिएका खोजपूर्ण अभ्यासको परिणाम स्वरुप वि.सं.२०४३ देखि साना किसानहरुको संस्थागत विकास गर्ने अभियानको शुरु भएको कुरा पुन: स्मरण गर्नु वाञ्छनीय ठानेको छु । संस्थागत विकास कार्यक्रमको प्रभावकारी कार्यान्वयनको कारण वि.सं.२०५० देखि स्थानीय साना किसानहरुकै नेतृत्वबाट सञ्चालन हुने गरी स्थापना गरिएका स्वायत्त साना किसान सहकारी संस्थाहरुले साना किसान विकास आयोजनाको व्यवस्थापन हस्तान्तरण गरी लिन आरम्भ गरे । ग्रामीण गरिबहरुले आफ्नै व्यवस्थापनमा हालसम्म यस प्रकारका १९६ वटा सहकारी संस्था सञ्चालनमा ल्याउन आफैंमा गौरवपूर्ण उपलब्धी भएको ठानेको छु । साना किसान विकास आयोजनाको व्यवस्थापन यसै प्रकारका संस्थाहरुलाई हस्तान्तरण गर्दै जाने कृषि विकास बैंकको नीति अनुरुप आगामी आ.व.मा यो संख्या २२० भन्दा बढी पुग्ने अनुमान गरिएको छ । भविष्यमा कृषि विकास बैंकबाट क्रमश: हस्तान्तरण भई आउने सबै संस्थाहरु यस बैंकका साझेदार तथा ग्राहक हुने छन् । फलस्वरुप लघुवित्त सेवाको अझ विस्तार हुने निश्चित छ । बाँकी अंश पाना नं. ३ मा

संरक्षक
श्री पुरुषोत्तम श्रेष्ठ

प्रमुख सल्लाहकार
श्री खेम बहादुर पाठक

सम्पादक
श्री झलेन्द्र भट्टराई

प्रकाशक
साना किसान विकास बैंक लिमिटेड
(वित्तीय संस्था)
बिजुलीबजार, नयाँबानेश्वर, पो.ब.नं. २१५१६, काठमाडौं
फोन: ४७८१०३२, ४७८१०२४
फ्याक्स: ९७७-१-४७८११६०
ई-मेल: skbbl@mos.com.np

## सम्पादकीय

**धेरै आरोह-अवरोह पार गर्दै साना किसान विकास बैंक लि. (वित्तीय संस्था) ले आफ्नो स्थापनाको पाँचौं वर्ष पुरा गरेको छ। राष्ट्रिय स्तरको लघुवित्त संस्थाको रुपमा २०५८ साल असार २२ गते स्थापना भई २०५९ साल मंसिर देखि वित्तीय कारोबार शुरु गरेको यस वित्तीय संस्थाले छोटो अवधीमा नै ९६ करोड भन्दा बढीको ऋण सम्पत्ती बनाउन सक्नु आफैमा गौरवपूर्ण उपलब्धी मान्न सकिन्छ। खुला अर्थतन्त्र र प्रतिस्पर्धात्मक वित्तीय वातावरणमा बैंकहरु सहरमूखी बन्दै गएको अवस्थामा ग्रामीण लघुवित्त क्षेत्रलाई बजार बनाएर अघि बढ्नु एउटा वित्तीय संस्थाको लागि कम चुनौति पूर्ण छैन। यस अर्थमा साना किसान विकास बैंक लि.(वित्तीय संस्था) को प्रयासलाई महत्वपूर्ण सफलताको रुपमा लिनु सान्दर्भिक हुनेछ।**

**बैंकको पाँचौं वार्षिकोत्सवको उपलक्ष्यमा हाम्रा आदरणीय पाठक समक्ष पत्रिकाको तेस्रो अंक पुऱ्याउन पाएकोमा अत्यन्त हर्षित भएका छौं। पत्रिकाको गुणस्तर अभिवृद्धीको लागि विज्ञ पाठकहरुको सहयोगको सदैव स्वागत गर्दै यस बैंकले पाँच वर्ष पुरा गरी छैठौं वर्ष प्रवेश गरेको यस सुखद् घडीमा साना किसान द्वैमासिक परिवारको तर्फबाट हार्दिक शुभ कामना टक्र्याउन चाहन्छौं।**

# साना किसान सहकारी संस्थाहरू पुरस्कृत

काठमाडौं। साना किसान विकास बैंकको पाँचौं वार्षिकोत्सवको उपलक्ष्यमा ८ वटा साना किसान सहाकारी संस्थाहरु पुरस्कृत हुने भएका छन्। आ.व. २०६१/०६२ मा बैंकसंग कारोबार गर्ने संस्थाहरुको विभिन्न सूचकहरुको मूल्याकनको आधारमा साना किसान सहकारी संस्थाहरु क्रमशः उत्तरगंगा(सुर्खेत) र शंकरनगर(रुपन्देही)ले अधिराज्य भरमा सर्वोत्कृष्ट संस्थाको स्थान हासिल गरेका छन्। यसै गरी प्रत्येक ईलाका कार्यलय अन्तरगत कारोबार गरिरहेका संस्थाहरु मध्येबाट पनि मूल्याकनको आधारमा उत्कृष्ट ठहर भएका १/१ वटा संस्थालाई उत्कृष्ट संस्थाको रुपमा पुरस्कृत गरिने भएको छ। ईलाका कार्यालयको कार्यक्षेत्र स्तरमा उत्कृष्ट हुने संस्थाहरुमा महारानी झोडा(झापा), महेन्द्रनगर(सनुसरी), नकटाझिज(धनुषा), कठार(चितवन), सलाङ्ग(धादिङ्ग) र सराङ्गकोट(कास्की) रहेका छन्।

## गतिविधि

# श्रीलङ्का अवलोकन भ्रमण

National Cooperative Council of Shrilankaको आतिथ्य तथा रुफिन/जी.टी.जेड. र यस बैंकको संयुक्त आयोजनामा मार्च २०-२७, २००६ सम्म आयोजना गरिएको अवलोकन भ्रमणमा साना किसान विकास बैंक र विभिन्न साना किसान सहकारी संस्थाहरुको अध्यक्ष गरी १० जनाको सहभागिता रहेको थियो। बैंकका वरिष्ठ प्रबन्धक श्री शिवराम कोइरालाको संयोजकत्वमा प्रस्थान गरेको उक्त भ्रमण टोलीका अन्य सदस्यहरुमा साना किसान विकास बैंकका प्रबन्धकहरु क्रमशः श्री दिनेशमान डंगोल (केन्द्रीय कार्यालय), श्री कुमार श्रेष्ठ (इलाका कार्यालय, जनकपुर), श्री खिलानाथ दाहाल (इलाका कार्यालय, इटहरी) तथा साना किसान सहकारी संस्थाका अध्यक्ष श्री जोगी महतो (दिगम्बरपुर), श्रीमती चाँदनी ढकाल (उत्तरगंगा), श्रीमती शारदा अधिकारी (सराङ्कोट), श्री वेद बहादुर गौतम (कुमरोज) र श्री अमर बहादुर थापा (भुमिस्थान) रहनु भएको थियो। सो भ्रमण टोलीमा बैंकका सञ्चालक सदस्य श्री खेम बहादुर पाठकको समेत सहभागिता रहेको थियो। भ्रमण टोलीले श्रीलङ्काको सहकारी आन्दोलन, त्यसको विकास र प्रभावको सम्बन्धमा त्यहाँका विभिन्न सहकारी संघ, संस्था र सहकारी निकायहरुको अध्ययन, अवलोकन गरेको थियो।

# कार्यक्रम समीक्षा तथा बजेट तर्जुमा गोष्ठी सम्पन्न

पोखरा। साना किसान विकास बैंकको आ.व.२०६२/६३ को कार्यक्रम समीक्षा तथा आ.व.२०६३/६४ को बजेट तर्जुमा कार्यशाला गोष्ठी यही असार १३ र १४ गते पोखरामा सम्पन्न भयो। गोष्ठीलाई सम्बोधन गर्दै बैंकका महाप्रबन्धक श्री पुरुषोत्तम श्रेष्ठले लघुवित्त संस्थाहरु नै ग्राहक हुने यो बैंकको प्रगति संस्थाहरुको प्रगतिसंग गाँसिने भएकोले कार्यक्रम तथा बजेट तर्जुमा गर्दा संस्थाहरुको वित्तीय सुदृढिकरणका लागि समेत सोच राख्नु पर्ने बताउनु भयो। उहाँले सत प्रतिशत असुलीदर वित्तीय संस्थाको पहिलो शर्त हुने बताउँदै सानो ब्याज मार्जिन नै बैंकको आम्दानीको स्रोत भएकोले Non Performing Assets (NPA) घटाउन समेत निर्देशन दिनु भयो।



गोष्ठीको शुभारम्भ सत्रमा कृषि विकास बैंक लि., क्षेत्रीय कार्यालय, पोखराका निर्देशक श्री कमलापति पौडेलले असल योजना नै आधा सफलता हुने भएकोले यथार्थपरक र प्रगतिमूलक बजेट तर्जुमा गर्ने सुझाव दिनु भयो। एउटा कुशल प्रबन्धक वित्तीय विश्लेषक पनि हुनु पर्ने आवश्यकता औंल्याउँदै वित्तीय स्वसक्षमता हासिल गर्नका लागि प्रबन्धकहरुको महत्वपूर्ण भूमिका हुने बताउनु भयो। कृषि विकास बैंक लि., बैंकिङ्ग कार्यालय, पोखराका मुख्य प्रबन्धक श्री अशोक पौडेलले गोष्ठीले साना किसान विकास बैंकको ध्येय र उद्देश्य पुरा गर्न मद्दत गर्ने किसिमको कार्यक्रम तथा बजेट तर्जुमा गर्न सकोस् भनी शुभकामना व्यक्त गर्नु भयो। समीक्षा र छलफल सत्रमा बैंकका वरिष्ठ प्रबन्धक श्री शिवराम कोइरालाले वित्तीय विश्लेषण गर्ने विधी, नेपाल राष्ट्र बैंकको निर्देशनहरु तथा बैंकको वित्तीय नीति बारेमा प्रष्ट पार्नु भएको भने वरिष्ठ प्रबन्धक विष्णु दयाल सिंहले आ.व. २०६३/०६४ मा साना किसान विकास बैंकको नीति र कार्यक्रमबारे जानकारी गराउनु भएको थियो। बैंकको ८ वटै इलाका कार्यालयहरुको सहभागीता रहेको उक्त गोष्ठीमा आ.व. २०६३/६४को लागि इलाका कार्यालय स्तरको कार्यक्रम तथा बजेट प्रस्ताव तयार पारिएको थियो।

पाना नं. १ को बाँकी अंश

कुनै एक भौगोलिक क्षेत्रमा मात्र केन्द्रित नगरी आफ्ना ८ वटा इलाका कार्यालय मार्फत तराईका १६ र पहाडका १४ जिल्लाका १३६ वटा साना किसान सहकारी संस्थालाई बैंकले वित्तीय तथा प्राविधिक सहयोग पुऱ्याउँदै आएको छ। जसबाट ३० जिल्लाका लगभग ८५ हजार परिवारका ४ लाख ५८ हजार गरिबीको रेखामुनी रहेका जनताले लघुवित्त सेवाबाट लाभान्वित हुने मौका पाएका छन्। स्थापनादेखि २०६३ साल जेष्ठ मसान्तसम्ममा यस बैंकले संस्थाहरुलाई रु १ अर्ब २९ करोड ८२ लाख कर्जा लगानी एवं १ अर्ब २० करोड ४९ लाख साँवा र २५ करोड ९ लाख ब्याज असुली गरिसकेको छ। चालु आ.व.को मात्र कुरा गर्दा २०६३ जेष्ठ सम्ममा ४५ करोड ८६ लाख कर्जा लगानी एवं ४७ करोड ५ लाख साँवा र ७ करोड ४१ लाख ब्याज असुली गर्न बैंक सफल भएको छ।

मेचीदेखि महाकालीसम्म सुगम र दुर्गम क्षेत्रमा छरिएर रहेका यस्ता संस्थाहरुलाई वित्तीय सेवा पुऱ्याइ उनीहरुको नियमित अनुगमन र निरीक्षण गर्नु आफैमा कठिन छ। त्यसमा पनि विगत केही वर्षदेखिको प्रतिकूल सुरक्षा अवस्थाका कारण केही संस्थाहरु सुचारु हुनले सञ्चालन हुन सकेका छैनन्। साना किसान सहकारी संस्था लि.का ग्राहक, विपन्न र गरीबहरुको जीवनस्तरमा सुधार आउन सकेमा संस्थाको वित्तीय दिगोपनाको प्रत्याभूति हुने र संस्था वित्तीय रुपले सक्षम एवं सुदृढ भएमा यस बैंकको वित्तीय दिगोपनाको प्रत्याभूति हुने तथ्यलाई अङ्गिकार गरी यो बैंक स्थानीय गरीब र उनीहरुद्वारा निर्मित संस्थाको समेत क्षमता विकासका लागि प्रयत्नशील छ। गरिब तथा विपन्न वर्गको आर्थिक र सामाजिक विकासका कार्यक्रम सञ्चालन गरी गरिबी न्यूनीकरण गर्ने कार्यमा लागत र समय दुवै अत्याधिक लाग्ने कुरामा दुईमत छैन। एउटा वित्तीय संस्थाको एकलो प्रयासले मात्र यो सम्भव नहुने भएकोले गैर वित्तीय सेवाहरुको लागि सरकार र दाता निकायहरुको सहयोगको सदैव अपेक्षा गरिएको छ।

यो बैंकले साना किसान सहकारी संस्थाहरुको वित्तीय स्वसक्षमता र सुदृढिकरणका लागि कृषि विकास बैंक, रुफिन जी.टी.जेड. र आर.एम.डी.सी. जस्ता संस्थाहरुको समेत सहयोग लिएर विभिन्न कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ। समय-समयमा संस्थाका कर्मचारी, सञ्चालक र साना किसान सदस्यहरुलाई तालिम, गोष्ठीमा सहभागी गराउने, स्वदेशी तथा वैदेशिक अवलोकन भ्रमण र तालिमको अवसर प्रदान गर्ने आदि जस्ता क्रियाकलापहरुले उत्प्रेरणा जगाउने तथा संस्थाहरु बीच स्वस्थ प्रतिस्पर्धाको वातावरण सिर्जना गर्न मद्दत पुऱ्याएको छ।

आन्तरिक द्वन्दबाट प्रभावित साना किसान सहकारी संस्थाहरुलाई पुन: सञ्चालनमा ल्याउन कृषि विकास बैंक र रुफिन. जी.टी.जेड. समेतको सहयोगमा स्थापित पुनरस्थापना कोषबाट ३८ वटा संस्थाहरु लाभान्वित भइसकेका छन्।

साना किसानहरुको सम्पत्तिको एक अभिन्न अंगको रुपमा रहेका पशुधनलाई सुरक्षित गर्न साना किसान सहकारी संस्था मार्फत सामुदायिक व्यवस्थापनमा पशुबीमा कार्यक्रम सञ्चालन गरिएको छ। मुलुकभरिका १०७ वटा संस्थाले पशुबीमा कार्यक्रम मार्फत चालु आ.व.मा २८३४ थान पशुको बीमा गरी रु.२ करोड १९ लाख ४० हजार मूल्य बराबरका पशुको जोखिम विरुद्ध सुरक्षा प्रदान गरेका छन्। साना किसानहरुद्वारा सञ्चालित उक्त पशुबीमा कार्यक्रममा नेपाल सरकारबाट प्राप्त भएको १० लाख ९७ हजार प्रिमियम अनुदान समेत उपलब्ध गराइ सकिएको छ। बैंक तथा सहयोगी निकायहरु संग समन्वय गरेर संस्थाहरुले कृषि भण्डार, दुग्ध संकलन केन्द्र, ग्रामीण बैंकिङ्ग आदि जस्ता कार्यक्रम सफलता पूर्वक सञ्चालन गरेका छन्। ग्रामीण कृषि सडक निर्माण, स्वास्थ्य शिविर सञ्चालन, बाल विकास केन्द्र तथा विद्यालय सञ्चालन, कृषि प्रदर्शनीस्थल निर्माण, कृषि बजार व्यवस्था तथा साक्षरता अभियान आदिमा संस्थाले निर्वाह गरेको भूमिका सराहनीय रहिआएको छ। तुलनात्मक रुपमा लघु वित्त संस्थाहरुको सञ्चालन खर्च अत्याधिक हुने गरेकोमा साना किसान सहकारी संस्थाहरुको सञ्चालन खर्च ३ प्रतिशत भन्दा कम रहनु पनि अर्को महत्वपूर्ण पक्ष रहेको छ।

लघु वित्त संस्थाहरु मार्फत प्रभावकारी रुपले लक्षित वर्गको सामाजिक, सामुदायिक विकाससंग सम्बन्धित गैर वित्तीय सेवाहरु विस्तार गर्न साना किसान सहकारी संघको आवश्यकता महशुस गरी धादिङ्ग जिल्लाका संस्थाहरु मिलेर साना किसान सहकारी संघ गठन गरिसकेका छन्। उक्त संघद्वारा सञ्चालित क्रियाकलापहरुको उच्च मूल्याङ्कन गर्दै अन्तर्राष्ट्रिय सहकारी दिवसका दिन राष्ट्रिय सहकारी संघले पुरस्कृत गरि सकेको छ। अन्य जिल्लाहरुमा पनि सहकारी संघ गठन गर्न संस्थाहरु प्रयासरत छन्। तर हाल सम्म दर्ता हुन सकेका छैनन्। सहकारी मार्फत गरिबीन्यूनीकरण र सामाजिक रुपान्तरणका लागि स्वस्फूर्त रुपमा अघि सर्ने यस्ता संघहरु दर्ताको वातावरण बनाउन सम्बन्धित निकायको ध्यान जानेछ भन्ने आशा लिएको छु।

साना किसान कार्यक्रमको नमूनालाई लघुवित्तका उत्कृष्ट नमूना मध्ये एक ठहर गरी विश्व बैंक, CGAP कोषबाट प्राप्त ५० हजार डलरको अन्तर्राष्ट्रिय पुरस्कार समेत प्राप्त भएको छ। यो पुरस्कारको रकमलाई नयाँ गा.वि.स.मा सान किसान सहकारी संस्थाको अनुशरण गर्ने कार्यमा प्रयोग गरिएको छ। यस अन्तर्गत ४ वटा नयाँ साना किसान सहकारी संस्था गठन भै सञ्चालनमा आइसकेका छन्। साना किसान सहकारी अभियानलाई द्रुत गतिमा विस्तार गर्न बैंकले कृषक देखि कृषक सम्म सहकारी अनुशरण कार्यक्रम (Farmer to Farmer Replicatio Program) मा जोड दिंदै आएको छ।

कृषि विकास बैंक प्रमुख प्रवर्धक र नेपाल सरकार, नविल एवं नेपाल बैं लि. र २१ वटा साना किसान सहकारी संस्था लि.हरु प्रवर्धक रहेको यस बैंकम बहुमत शेयर साना किसान सहकारी संस्थाहरुको रहने योजना अन्तर्गत हा सम्ममा कुल १५८ संस्थाहरुले यसको शेयर लिइ सकेको कुरा पनि यहां उल्ले गर्न चाहन्छु। यस बैंकको अधिकृत पुँजी रु. २४ करोड र जारी तथा चुक्ता पुँ रु. १२ करोड रहेको छ भने २०६३ जेष्ठ मसान्तसम्ममा कुल चुक्ता पुँजी रु. १ करोड २६ लाख ७४ हजार ५ सय पुगेको छ। रु.१२ करोड बराबर चुक्ता शेय पुँजी पुऱ्याउने लक्ष अनुरुप संस्थाहरुलाई शेयर खरिदका लागि आव्हान गरिए छ।

बैंकको नीति निर्माणमा सहयोग पुऱ्याउन प्रमुख प्रवर्धक कृषि विका बैंकबाट ३ जना, नेपाल सरकारबाट १ जना, नेपाल बैंक लि.बाट १ जना र सान किसान सहकारी संस्थाहरुबाट २ जना प्रतिनिधि गरी अध्यक्ष समेत ७ जन सञ्चालक रहेको यस बैंकमा कार्यकारी प्रमुख समेत केन्द्रीय कार्यालय तथा वटा इलाका कार्यालयमा गरी ४७ जना विभिन्न स्तरका कर्मचारी कार्यरत छन् संस्थाको हिसाबले थोरै र दक्ष कर्मचारीहरुबाट सकेसम्म कम प्रशासनिक खर्चमा कार्यालय सञ्चालन गर्ने सोच रहेको यस बैंकका सबै कार्यालय वित्तीय रुप स्वसक्षम हुन पर्छ, बैंकका सार्फेदार संस्थाहरुले सुदृढ भइ यहिभन्दा बढि स्थानी गरिबलाई सेवा विस्तार गरी उनीहरुको आवश्यकता अनुसार लघुवित्त सेवा उपलब्ध गराउनु पर्छ, अनुशरण कार्यक्रम मार्फत नयाँ-नयाँ संस्था निर्माण गरिनु पर्छ ती संस्थाहरुबाट गरिब, विपन्न वर्गको जीवनस्तरमा सुधार आएको देखिनु प भन्ने दृढ मान्यताका साथ अघि बढिरहेको यस बैंकले लघुवित्त बजारमा ठूलो अं ओगट्न सफल हुनेछ भन्ने विश्वास लिएको छु। यसका लागि श्री नेपाल सरका अर्थ मन्त्रालय लगायत सहकारी विभाग, कम्पनी रजिष्ट्रारको कार्यालय र अन कार्यालयहरु नेपाल राष्ट्र बैंक, सहयोगी Apex Bank हरु र खास गरी प्रमु प्रवर्धक कृषि विकास बैंक र प्रवर्धक अन्य बैंक एवं संस्थाहरु, वाणिज्य बैंकह रुफिन जी.टी.जेड., RMDC र सार्फेदार साना किसान सहकारी संस्थाहरुबा पर्याप्त सहयोग उपलब्ध भैरहेको र भविष्यमा अझ बढी सहयोग र समर्थनक आवश्यकता रहेको कुरा व्यक्त गर्न चाहन्छु।

बैंकले अघि सारेका सम्पूर्ण कार्यक्रमहरु लघु वित्तको विकास र गरि न्यूनीकरणमा केन्द्रित रहेका छन्। यति हुँदा हुँदै पनि एउटा वित्तीय संस्थाको मू र मान्यता अनुसार बैंकको वित्तीय सक्षमता र दीगोपन सबै भन्दा महत्वपूर्ण कु हुन आउँछ। शुद्ध व्यावसायिक अवधारणाबाट मात्र वित्तीय संस्थाको उन्नती ह कुरामा दुई मत हुनै सक्दैन। तर हाम्रो देशको परिवेश अनुसार एकातिर यो बैंक ग्रामीण विकासको उत्तरदायित्वबाट पन्छेर विशुद्ध व्यावसायिक क्रियाकलाप मा गर्न सक्ने अवस्था छैन भने अर्को तर्फ बैंक स्थापनाको उद्देश्य पनि लघु वि सेवाको विस्तारबाट गरिबी घटाउन मद्दत पुऱ्याउन रहेकोले यो लक्ष प्राप्तीक लागि विभिन्न निकायहरुको सहयोग अति आवश्यक रहने कुरा दोहोऱ्याउन चाहान्छु पशु बीमा, गरिबहरुको जीवन बीमा, सुलभ शौचालय निर्माण, धारा पानी र कुलम निर्माण, व्यावसायिक र आधुनिक कृषि प्रणालीको विकासमा टेवा, तालिम गोष्ठिहरु सञ्चालन, अवलोकन र अध्ययन भ्रमण जस्ता कार्यक्रम सञ्चालन गर्न सहयोगी निकायको मद्दतको अति आवश्यक रहेको छ। यसका अलावा बैंकको पुँजीग आधार बलियो बनाउन तथा साना किसान सहकारी संस्थाहरुको तर्फबाट य बैंकमा शेयर लगानी बढाउन पनि सहयोगको खाँचो पर्ने महसुस गरिएको छ माननीय मन्त्रीज्यूको समुपस्थितिमा यी कुराहरु राख्न पाउनु बैंकको लागि ठुल उपलब्धि भएको ठानेको छु। ग्रामीण गरिबी निवारण र लघु वित्त क्षेत्रको सशक्त बैंकको रुपमा स्थापित गराउन बैंकको सारा टीम कर्तव्यनिष्ठ भएर लागि परिरहेक र आगामी दिनमा अझ प्रभावकारी रुपमा लाग्ने प्रतिबद्धता व्यक्त गर्न चाहन्छु

अन्त्यमा, व्यस्तताका बावजुद हाम्रो आतिथ्य स्वीकार गरी पाल्नु भएक प्रमुख अतिथि माननीय कृषि तथा सहकारी मन्त्रीज्यू प्रति हार्दिक आभार व्यक्त गर्दै हार्दिक स्वागत गर्न चाहन्छु। आदरणीय अध्यक्षज्यू र सम्पूर्ण अतिथि महानुभावहरुलाई पुन: आफ्नो तर्फबाट र यस साना किसान विकास बैंक परिवारक तर्फबाट सादर स्वागत गर्दै बिदा हुन चाहन्छु। स्वागतम् - धन्यवाद

******

# साना किसान विकास बैंक लि. (वित्तीय संस्था) को संक्षिप्त परिचय

१. पृष्ठभूमि

नेपालको कुल जनसंख्याको ८६ प्रतिशत भाग ग्रामीण क्षेत्रमा बसोबास गर्दछन् । अधिकांश जनताको मुख्य पेशा कृषि रहेको छ । विश्वकै अतिकम विकसित राष्ट्रहरु मध्ये पर्ने हाम्रो देश नेपालको ३१ प्रतिशत जनसंख्या गरिबीको रेखामुनी जीवनयापन गर्न बाध्य छन् । कृषि प्रधान राष्ट्र भएर पनि भौगोलिक रुपमा कृषिको लागि योग्य र उर्वर मानिने तराई भू-भाग भने १६% मात्र रहेको छ । यस प्रकार नेपालको आर्थिक विकासको सन्दर्भमा कृषि, ग्रामीण गरिबी र भौगोलिक विकटता महत्वपूर्ण पक्षको रुपमा लिने गरिन्छ । कृषि क्षेत्रको सवलीकरण मार्फत आर्थिक विकास हासिल गर्न, कृषिका लागि आवश्यक पर्ने वित्तीय र प्राविधिक सेवालाई संस्थागत रुपमा सहज तुल्याउन र समग्रमा मुलुकको अर्थतन्त्रमा टेवा पुऱ्याउन वि.सं.२०२४ सालमा छुट्टै ऐनको व्यवस्था गरी कृषि विकास बैंकको स्थापना गरियो । यसको स्थापनाबाट किसानहरुले सुलभ र संस्थागत रुपमा कृषि कर्जा पाउने व्यवस्थाको शुरुवात भयो । आफुसँग रहेको जग्गालाई नै धितो स्वरुप राखेर सरल ब्याजमा कृषि कर्जा तथा सो सम्बन्धी सामान्य प्राविधिक सेवा समेत पाउन थालेपछि जग्गा जमिन हुने किसानहरु लाभान्वित भए । तर, विकट भौगोलिक क्षेत्रमा बसोबास गर्ने, अशिक्षित, जग्गा जमिन नभई अर्काको जमिन जोतेर पालिने विपन्न र कमजोर वर्गहरु भने बैंकको सेवा क्षेत्रसम्म आफ्नो पहुँच पुऱ्याउन असफल नै रहेको महसुस गरी यो वर्गलाई संस्थागत वित्तीय सेवाको दायरामा ल्याउन सामाजिक, सामुदायिक विकास र चेतना अभिवृद्धि, स्थानीय स्तरमा सेवा पाउन सकिने सरल व्यवस्था, कृषि प्रविधि, र संगठनात्मक विकासलाई संगसँगै लैजानु पर्ने ठहर गरियो ।

यिनै आवश्यकता पुरा गर्न नेपाल सरकारको कार्यक्रम अनुरुप कृषि विकास बैंकको अगुवाईमा वि.सं.२०३२ सालदेखि साना किसान विकास कार्यक्रमको शुरुवात गरी गा.वि.स. स्तरमा साना किसान विकास आयोजनाको कार्यालय स्थापना गर्न थालियो । यो कार्यक्रमले गरिबी न्यूनिकरणमा प्राप्त गरेको सफलतालाई मध्यनजर गरी अधिराज्यका विभिन्न क्षेत्रसम्म कार्यक्रमलाई विस्तार गरियो । कार्यक्रममा दातृ संस्थाहरुको समेत सहयोग रहेको कारणले गर्दा वित्तीय र गैर वित्तीय सेवा मार्फत सामाजिक रुपान्तरणमा महत्वपूर्ण भूमिका खेलेको थियो ।

मुलुकका लगभग ४ हजार गा.वि.स.मा नै यस किसिमको सेवाको जरुरत भएता पनि १६ वर्षमा ६०० गा.वि.स.सम्म मात्र कार्यक्रमको विस्तार हुन सक्यो । लागत, जनशक्ति र स्रोतको कारण कार्यक्रमको द्रुत विस्तार हुन नसकेको महसुस गरी बढीभन्दा बढी गा.वि.स.लाई समेट्ने उपायहरुको खोजी हुन थाल्यो । साना किसान विकास आयोजना स्थापना भएका क्षेत्रका किसान नेतृत्वलाई सबल बनाई बैंकले नयाँ गा.वि.स.मा ध्यान केन्द्रित गर्न सक्ने उपायको खोजी हुन थाल्यो ।

नविनतम अभ्यासकै क्रममा ८० को दशकमा संस्थागत विकास प्रक्रियालाई जोड दिइयो । साना किसान विकास आयोजनाद्वारा गाउँ-गाउँमा सञ्चालन गरिने कार्यक्रममा स्थानीय लक्षित वर्गको नेतृत्वदायी भूमिका रहने व्यवस्था मिलाइयो । यो अभ्यासबाट साना किसानहरुमा संगठनात्मक तथा व्यवस्थापकीय क्षमताको अभिवृद्धि भयो । वि.सं.२०५० सालमा साना किसान विकास आयोजनाको व्यवस्थापन लिने साना किसानहरुको स्थानीय साना किसान सहकारी संस्थालाई हस्तान्तरण गरी लघुवित्त क्षेत्रमा निरन्तर नौलो प्रक्रियाको आरम्भ भयो ।

साना किसान सहकारी संस्थाले गा.वि.स.भित्रका विपन्न, दलित र कमजोर आय वर्गलाई वित्तीय तथा गैर वित्तीय सेवा प्रदान गर्न थालेपछि नयाँ गा.वि.स.मा कार्यक्रमको विस्तार गर्न बैंकलाई सजिलो भयो । समयको क्रमसँगै कृषि विकास बैंकले विकास बैंक, वाणिज्य बैंक र लघुवित्त कार्यक्रम जस्ता तीन अलग-अलग प्रकृतिका कारोबार एउटै छाताबाट सञ्चालन गर्न थाल्नु पऱ्यो । राष्ट्रले खुल्ला अर्थतन्त्रको नीति अवलम्बन गरेपछि प्रतिस्पर्धात्मक वातावरणमा वित्त व्यवसाय सञ्चालन गर्न एउटा चुनौती थियो । अत लघुवित्त क्षेत्रलाई अलग्गै किसिमको सेवा प्रदान गर्न खास व्यवस्था हुनु पर्ने आवश्यकता पनि महसुस भैरहेको थियो । गरिब, विपन्न र न्यून आय वर्गलाई लघुवित्त सेवा क्षेत्रसँग जोडेर गरिबी न्यूनीकरण गर्न केन्द्रीय स्तरमा अलग्गै बैंक स्थापना गरी सो मार्फत साना किसान सहकारी संस्था वा यस्तै प्रकृतिका अन्य लघुवित्त संस्थाहरुलाई वित्त सेवा प्रदान गर्ने उद्देश्यले कृषि विकास बैंकको अगुवाईमा वि.सं.२०५८ साल असार २२ गते साना किसान विकास बैंकको स्थापना भएको हो ।

२. साना किसान विकास बैंकको परिकल्पना, मूल्य र उद्देश्य

लघुवित्त क्षेत्रको विकासबाट गरिबी न्यूनीकरणमा मद्दत गर्नेका लागि यस बैंकले साना किसान सहकारी संस्था वा यस्तै प्रकृतिका अन्य लघुवित्त संस्थाहरुलाई आवश्यक पर्ने थोक कर्जा प्रदान गर्ने तथा आवश्यक वित्तीय पनमर्श र प्राविधिक सहयोग प्रदान गर्दै आएको छ । बैंकको परिकल्पना, मूल्य र उद्देश्य निम्नानुसार रहेको छ ।

२.२ मूल्यहरु (Core Values)

- यस बैंकले निम्न मूल्यहरुलाई आत्मासात गरेको छ ।
- व्यावसायिक अभिमुखीकरण र वित्तीय स्व–सक्षमता
- राजनीतिक तटस्थता
- ग्रामीण गरीबहरुको सेवामा प्रतिवद्धता
- ग्राहकमुखी (ग्राहक उन्मुख) गुणस्तरीय सेवा
- नीति र व्यवहार (Policy & Operations) मा पारदर्शिता

२.३ उद्देश्य (Objectives)


- नेपालको ग्रामीण क्षेत्रका साना किसान सहकारी संस्थाहरु र गरिबी निवारणमा संलग्न समान प्रकृतिका अन्य लघु वित्त संस्थाहरुलाई थोक कर्जा (Wholesale Credit) र पुनरकर्जा (Refinance) प्रदान गर्ने ।
- राष्ट्र बैंकको मार्गदर्शन अनुरुप संस्थाहरुको कारोबारको अनुगमन, निरीक्षण तथा सुपरिवेक्षण गर्ने र आवश्यक निर्देशन दिने ।
- लघु व्यवसाय एवं ग्रामीण वित्त बजारको विकास, विस्तार प्रवर्द्धन र सुदृढीकरण गर्ने तथा वित्तीय एवं प्राविधिक सहयोग उपलब्ध गराउने र आवश्यक तालिम उपलब्ध गराउने ।
- संस्थाहरुको संस्थागत एवं मानव संसाधन विकास गर्न आवश्यक सहयोग गर्ने ।
- संस्थाहरु मार्फत ग्रामीण जनताको आम्दानी एवं रोजगारीका अवसरमा अभिवृद्धि गरी गरिबी निवारण सम्बन्धी कार्यमा सघाउ पुऱ्याउने ।

२.४ कार्यहरु


- संस्थाहरुलाई छोटो तथा मध्यम अवधिको थोक कर्जा र पुनरकर्जा प्रदान गर्ने ।
- कृषि विकास बैंकबाट साना किसान सहकारी संस्थाहरुलाई प्रदान गरिएको ऋण (सावा तथा ब्याज) को हस्तान्तरण गरि लिने र हस्तान्तरित ऋणको व्यवस्थापन गर्ने ।
- आन्तरिक तथा बाह्य स्रोत परिचालन गरी संस्थाहरु मार्फत सामाजिक तथा सामुदायिक कार्यक्रमहरु संचालन गर्न सहयोग गर्ने ।
- संस्थाहरुको संस्थागत विकासका लागि आवश्यक वित्तीय सहयोग पुऱ्याउने ।
- संस्थाहरुलाई परामर्श सेवा तथा अन्य प्राविधिक सहयोग उपलब्ध गराउने ।
- संस्थाहरुको क्रियाकलापको अनुगमन तथा मूल्यांकन गर्ने, गराउने ।
- साना किसान सहकारी संस्थाहरुद्वारा अन्य स्थानमा समान प्रकृतिका संस्थाहरुको स्थापना गर्ने कार्यमा प्रोत्साहन तथा सहयोग गर्ने ।
- संस्थाहरुको वित्तीय स्व-सक्षमता (Financial Self-sufficiency) र दीगोपना (Sustainability) अभिवृद्धि गर्न आवश्यक उपायहरु अवलम्बन गर्ने, गराउने ।
- बैंकलाई आवश्यक पर्ने रकम प्रचलित कानून अनुसार स्वदेशी वा विदेशी सरकार, बैंक तथा संघ संस्थाहरुबाट धितो राखी वा नराखी कर्जा, पुनरकर्जा वा अनुदान लिने ।
- राष्ट्र बैंकले निर्धारण गरेको शर्तमा निक्षेप संकलन गर्ने ।
- ग्रामीण विकास बैंकको सफल प्रयासलाई अरु संस्थाहरुमा लागु गर्ने ।
- राष्ट्र बैंकको स्वीकृति लिई डिबेन्चर, बाण्ड, ऋण पत्र, बचत पत्र, शेयर वा अन्य वित्तीय उपकरणको माध्यमबाट पूँजी परिचालन गर्ने ।
- राष्ट्र बैंकको मार्गदर्शन अनुरुप निरीक्षण तथा सुपरिवेक्षण गर्ने ।

३. **बैंकको संगठनात्मक संरचना**

यस बैंकको संगठनात्मक संरचना निम्नानुसार रहेको छ ।



# साना किसान सहकारी संस्था - समस्या तथा चुनौतीहरू



- भिम प्रसाद गैह्रे
ईलाका प्रबन्धक
**साना किसान विकास बैंक लि.**
ईलाका कार्यालय, हेटौंडा

साना किसान सहकारी संस्था स्थापना भई सञ्चालनमा आएको एक दशक नाघिसकेको छ । यस अवधिमा संस्थाहरुले ग्रामीण आर्थिक तथा सामाजिक विकासमा पुऱ्याएको योगदान वास्तवमा नै प्रभावकारी रहिआएको छ । यी सेवाको निरन्तरता र दीगोपनाको लागि संस्थामा वर्तमान अवस्थामा देखा परेका समस्या र चुनौतीहरुलाई समयमै उद्घोष गर्न सकनु पर्छ । यस लेखमा संस्थाले सामना गर्नु परेका विभिन्न आन्तरिक र बाह्य चुनौती तथा समस्याहरुलाई केलाउने प्रयास गरिएको छ ।

⇨ आन्तरिक रुपमा संस्थामा देखिएका तथा देखिन सक्ने चुनौतीहरु

१) सेवा विस्तारमा संकुचन: केही संस्थाहरुले हस्तान्तरण पश्चात् समूह वृद्धि गर्नुभन्दा ऋण सिमा वृद्धि गरी ऋणको गुणस्तरमा भन्दा ऋणको मात्र वृद्धिमा ध्यान दिएको पाइन्छ भने कार्यक्षेत्रको ४०-५० प्रतिशतभन्दा बढी परिवारलाई तथा खास समेट्न पर्ने वर्गलाई समेट्न नसकेको समेत देखिन्छ । यदि यस्तो क्रमलाई संस्थाको व्यवस्थापन लगायत अन्य पक्षबाट समयमा सुधार ल्याउन प्रयास भएन भने संस्थामा द्वन्द सिर्जना हुने, ऋण ग्रस्तता बढ्ने, असुली प्रभावित हुने र समग्रमा संस्थाको वित्तीय अवस्था संकटमा पर्न जाने हुन्छ ।

२) नेतृत्व: केही संस्थाहरुमा सक्षम तथा योग्य व्यक्ति हुँदा हुँदै पनि राजनैतिक, स्थानीय प्रभाव वा अन्य कारणले त्यस्तो व्यक्तित्वको चयन हुन सकेको पाइँदैन । कतै सक्षम व्यक्ति चयन भएतापनि उनीहरुमा "हामी नभई संस्था चल्दैन" भन्ने अहं बढ्न थालेको पाईन्छ । संचालकहरुमा सह-नेतृत्वको विकास हुन नसकेको कारणले अध्यक्ष तथा निश्चित व्यक्ति मुखि हुने गरेको समेत पाईन थालेको छ । यसबाट संस्थामा विभिन्न विकृति सँगै एउटाले पद छोडेमा संस्था संचालनमा नै अवरोध शुरु हुने भय रहिरहन्छ ।

३) आचरण/नैतिकता: हरेक क्षेत्रमा जटिल समस्याको रुपमा रहेको व्यक्तिको आचरण र नैतिकताले यी संस्थाहरुमा पनि असर पार्न थालेको देखिएको छ । संस्थाका संचालक तथा कर्मचारीले आचरण र नैतिकतालाई सर्वोपरी ठानी जिम्मेवारी निर्वाहा गरेको कारणले जटिल परिस्थितिमा पनि संस्थाको प्रगतिलाई बढाउन सफल भएका थुप्रै संस्थाहरु छन् । तर, प्राप्त अधिकारलाई आफू अनुकुल प्रयोग गर्ने पदाधिकारी रहेका संस्थाहरुमा समस्या उत्पन्न भई सक्दा पनि वर्तमान परिस्थितिलाई बहाना बनाई समस्याबाट उम्कन खोज्ने प्रवृति विकास भएको पाईन्छ । कर्मचारी तथा प्रतिनिधिहरुको गैरजिम्मेवारीका कारण संस्थालाई भेलवाडी लागेमा त्यसको दोष प्रकृतिलाई देखाएर उम्कन पाइएला र र

४) व्यवस्थापकीय क्षमता : संस्थाहरुमा कर्मचारीको नियुक्ति, पारिश्रमिक र संचालक सुविधा निर्धारण, सामुदायिक भवन निर्माण जस्ता खर्च र दायित्व बढ्ने कार्य गर्दा संस्थाको वित्तीय विश्लेषण नगरी हचुवाको भरमा गर्ने परिपाटि खतरनाक भएर देखा पर्न थालेको छ ।

५) संगठन : संस्थाको मूल जगको रुपमा रहेको संगठन र संगठनमा मूल जगको रुपमा रहेको समूह केही संस्थाहरुमा दिन प्रति दिन निस्क्रिय हुँदै जाने र पुलको रुपमा रहेर महत्वपूर्ण भूमिका निभाउनु पर्ने अन्तर समूहले घरघरमा आएको माग फाराममा सही गर्नु सिवाय समूह संचालनमा तथा कार्यक्रम संचालनमा खासै भूमिका ननिभाएकोले निस्क्रियता बढ्दै गएको पनि पाईएको छ । फुटबल टिममा खेलाडीका रुपमा रहेका समूहलाई रेफ्री र संचालक र कर्मचारीले सही कोचको भूमिका निभाएर सशक्त टिमको रुपमा अगाडी बढाउने गरी जिम्मेवारी तोक्ने तथा कामको आधारमा पुरस्कार र दण्डको समेत व्यवस्था गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्नु पर्ने आवश्यकता देखिएको छ ।

६) समन्वयात्मक भावना : गाउँको आफ्नो घर निर्माण तथा संचालनमा जुटेका सबै परिवारको एउटै दायित्व साझा घर संचालन गरी परिवारलाई सुख दिने तथा सबैले लिएको कतिपय सुख बाँडेर भोग गर्ने समभदारीको विकास गर्नु अति आवश्यक छ । नेतृत्व र कर्मचारीवर्गले आ-आफूले गरेको कमी-कमजोरीको मूल्यांकन, आत्मालोचना गरी प्रेम र आदरको भावना जगाई "संस्था रहे आफू रहिन्छ, आफ्नो पद र सुविधा रहन्छ" भन्ने भावना लिएर अगाडि बढ्ने वातावरण तयार नभएमा सफल संस्थाको कल्पना गर्न व्यर्थ हुनेछ ।

७) स्वतन्त्रता तथा स्वायत्तता : स्वतन्त्रताको पनि हद हुन्छ, जे मन लाग्यो सोही गर्ने होइन । कतिपय संस्थाहरुमा हस्तान्तरण हुनुलाई गलत अर्थ लगाई आफूले बनाएको विनियम, कानुन, आफूलाई सहयोग गर्ने निकायको सुभाव नीति, संस्थाको दिगोपन तथा सामुहिक हितको ख्याल नगरी स्वायत्तताको नाममा संस्थालाई डुबाउने जस्ता निर्णय तथा कार्य गर्न समेत पछि नपर्ने गरेका अनुभवहरु छन् । यसका लागि संस्थाको शेयर सदस्य तथा सहयोगी निकायले उचित र प्रभावकारी नियन्त्रण प्रणाली अपनाउनु जरुरी छ ।

८) परिमार्जन : बदलिँदो परिस्थिति र समयको बाहव अनुरुप हरेक कार्यक्रमलाई परिमार्जन गर्नु पर्ने समयको माग भएको छ भने संस्थाले संचालित कार्यक्रम समयानुसार परिमार्जन गर्न सकेको पाइँदैन । यदि समयानुसार कार्यक्रमलाई परिमार्जन गरी समयको माग अनुरुप चल्न नसकेमा प्रतिस्पर्धात्मक वर्तमान समयमा व्यवसाय बढाउन नसकी नाफाको सट्टा नोक्सान तर्फ धकेलिन पर्ने र सामाजिक कार्य ओफेलमा पर्ने स्थिति पैदा हुने हुँदा हरेक संस्था यसतर्फ लाग्न नसके पुरानो शिक्षाको नयाँ पुस्तक सरह नहोला भन्न सकिदैन ।

९) आत्मनिर्भरता : कृषि विकास बैंकबाट कार्यक्रम प्रवर्धन भई हस्तान्तरण भई सक्दा पनि केही संस्थाका संचालक र प्रबन्धकहरुले बैंकले यो गरिदिनु पऱ्यो, त्यो गरिदिएन भन्ने र आफ्ना कमी कमजोरी लुकाएर अरुलाई दोष दिने परिपाटी कायमै रहेको तथा शेयर तथा आन्तरिक पुँजी अति नै न्यून रहेको, वृद्धि गर्न तर्फ सोच समेत नरहेको देखिन्छ । हाल बैंकहरु शहरीकरण भइरहेको अवस्थामा संस्थाको व्यवसाय गाउँमा फस्टाउने तर्फ ध्यान नदिई परनिर्भर हुने प्रवृति घटाउन नसक्नु पनि अर्को चुनौती बनेको छ ।

१०) सहयोगी निकाय : स्थानीय स्तरमा रहेका सहयोगी निकायसंग समन्वयात्मक रुपमा कार्यक्रम लैजान पर्नेमा अन्य सहयोगी निकाय भनेको सबै बैंक हो भन्ने धारणाले जरो गाडेकाले अन्य सहयोगी निकायको पहिचान गरी समन्वय गर्ने काम धेरै संस्थाहरुले गर्न नसकेकाले ती सहयोगी निकायबाट पाउने सुविधाबाट साना किसान सदस्यहरु वञ्चित रहनु परेको छ ।

११) पारदर्शिता : संस्थाका हरेक गतिविधि सबै सदस्यलाई जानकारी गराई छलफल गरी पारदर्शी ढंगबाट निर्णय तथा कार्य गराउनुको सट्टा कुनै कुनै संस्थामा अध्यक्ष तथा प्रबन्धकको विवेक नै संस्थाको कार्य प्रणाली बन्न पुगेको छ । लेखा समितिलाई लेखा सम्बन्धी अनभिज्ञताको कारण आन्तरिक लेखा परिक्षण गरी जानकारी नगराउने, प्रबन्धकले अन्य कर्मचारीहरुलाई लेखा सम्बन्धी काम नसिकाउने, नलगाउने, बाहिरी निरीक्षणबाट औंल्याएका त्रुटि र दिएका निर्देशनलाई लुकाएर राख्ने, साधारण सभालाई खालि औपचारिकतामा मात्र सिमित राखि व्यवहारमा पारदर्शिता नअपनाउने गरेको पाइएकोले यस्तो क्रममा सुधार ल्याउन सम्बन्धित सबै क्षेत्रबाट प्रयास हुन जरुरी छ ।

१२) संस्थागत/सहकारी भावनाको विकास: साना किसान सहकारी संस्था निर्माणको सिलसिलामा पूर्वाधार तयार गर्न कृ.वि.बैंक तथा जि.टि.जेड जस्ता संस्थाबाट पुऱ्याईएको सहयोगलाई नबुभेर कतिपय संस्थाहरुमा अझै पनि यस्ता संस्था कृ.वि.बैंक नै हो, यसमा सहयोग बैंकले नै गर्छ, बिग्रे पनि बैंकको नै बिग्रिन्छ भन्ने धारणाले जरो गाडेको पाईन्छ । संस्थाका अगुवाहरु नै सहकारिताको भावनासँग बेपरवाहा भए पछि साधारण सदस्यहरुमा कसरी सञ्चार गर्न सकिन्छ ?

⇨ संस्थाका बाह्य चुनौतीहरु :

१) साझा अभियान असफल भएको हौवा चलाएर सहकारी कर्मीहरुको मनोबल कमजोर पार्ने तत्वहरु संस्थाको लागि चुनौती बनेका छन् । साझा असफलताका

बाँकी अंश पाना नं. ७ मा

# मेहनतीहरूको गाउँ - दिगम्बरपुर

– झलेन्द्र भट्टराई


साना किसान विकास बैंकको चौथो वार्षिकोत्सव समारोहमा साना किसान सहकारी संस्था लि., दिगम्बरपुरलाई अधिराज्यभरका साना किसान सहकारी संस्था मध्ये सर्वोत्कृष्ट ठहर गरी पुरस्कृत गरिएको थियो। बैंकले वित्तीय र केही समाज परिचालनसंग सम्बन्धित सूचकहरूलाई आधार मानी गरेको मूल्याङ्कनबाट सर्वोत्कृष्ट ठहरिएको संस्थाको क्रियाकलापबाट सदस्यहरूमा कस्तो सामाजिक र आर्थिक प्रभाव परेको छ भन्ने सबैमा जिज्ञासा हुनु स्वभाविकै हो। सदस्य स्तरमा ती प्रभावहरूको मूल्याङ्कन गर्न भने विस्तृत अध्ययन नै गर्नु पर्ने हुन्छ। तर पनि एउटा बाहिरियाको आंखाबाट छोटो समयमा दिगम्बरपुरमा जे देखियो त्यो वास्तव मै पुरस्कार योग्य थियो।

राष्ट्रिय विभूति सीताको माइतीघर जनकपुरभन्दा लगभग २० कि.मी. उत्तरमा रहेको उक्त गा.वि.स.मा महतो र यादवहरुको घनत्व रहेको छ। तराईको पहिलो साना किसान विकास आयोजना महेन्द्रनगर (धनुषा) संग जोडिएको त्यस गा.वि.स.मा वि.सं.२०४० देखि नै साना किसान विकास कार्यक्रम शुरु भएता पनि २०५८ देखि मात्र संस्थागत विकास कार्यक्रम शुरु भएको बताइन्छ। २०५९ सालमा साना किसान सहकारी संस्था गठन भई सञ्चालनमा आएको पनि ३ वर्ष पुरा भइसकेको छ।

संस्थाको स्थापनाकालदेखिका अध्यक्ष जोगी महतो पढेलेखेका छैनन्। उनलाई दर्शन भरिएका लामा-लामा भाषण गर्न पनि आउदैन। साना किसान विकास कार्यक्रममा २०३९ सालमा प्रवेश गरेको भएता पनि संस्थागत जिम्मेवारीको पद २०५९ मा मात्र धारण गरेको बताउंछन्। अध्यक्ष हुनुभन्दा अघि आफू कुनै एउटा पार्टीको स्थानीय कार्यकर्ता रहेको र स्वभावमा पनि केही उद्दण्ड रहेको स्मरण गर्दै संस्थाको जिम्मेवारी लिएपछि मात्र आफूलाई सामाजिक जिम्मेवारीबोध भएको कुरा उनी छिपाउन चाहदैनन्।

"ऋण लिने र तिर्ने कुराले मात्र किसानको विकास हुंदैन। ऋण कहां कसरी लगायो भने बढी नाफा हुन्छ भन्ने पनि बुझ्नु पर्छ। हामी अहिले बढी पैसा आउने खेतीपाती गर्छौं। त्यो कसरी बिक्री गर्न सकिन्छ भनेर व्यापारी र बजारमा बुझ्छौं, सिजन ठ्याक्कै मिलाएर कसरी बढी नाफा गर्न सकिन्छ भन्ने कुरा पत्ता लगाउंछौं र मात्र ऋणको कुरा उठ्छ। थोरै जग्गा भएर केही छैन, राम्ररी बृद्धि पुऱ्याएर किसानी गऱ्यो भने जग्गा होइन मेहनतवालाले मात्र पैसा कमाउंछ। सबैसंग पैसा कमाउने बाटो भयो भने छोराछोरी पढ्न पठाउंछन्, बाटोघाटोको खांचो महशुस गर्छन्, उन्नत प्रविधि अपनाउन थाल्छन्, झगडा गर्ने फुर्सत हुंदैन। एक दिन भेला भइहाल्यो भने विकासका कुरा मात्रै गर्न भ्याइन्छ" अध्यक्ष महतोले लामो सास तान्दै बताए। संस्था र गाउंको विकासको सम्बन्ध बारे उनको प्रष्ट विचार छ, "किसान बलियो नभई संस्था बलियो हुंदैन र संस्था बलियो छैन भने किसानलाई कुनै मद्दत गर्न सक्दैन। त्यसैले संस्था नाफामा चलाउनु पर्छ। संस्थाको भने पछि अनावश्यक खर्च गर्ने बानी भएमा कसैले पत्याउंदैन। म १२ बजे सम्ममा खेतीपातीको काम सकेर भए पनि प्रत्येक दिन संस्थामा पुगेर काम गर्छु। अहिलेसम्म भत्ताको त कुरै छोड्नुहोस, चिया पनि आफ्नै खर्चले पिउने गरेको छु। मैले चिया खाएर संस्था सकिने होइन, तर मेरो व्यवहार पनि सदस्यहरुले संस्थालाई विश्वास र माया गर्ने आधार हुन सक्छ भन्ने मलाई लाग्दछ।"

यस वर्ष संस्थाको अगुवाइमा जिल्ला विकास समिति धनुषासंग समन्वय गरी ६ कि.मी. सडक ग्राभेल गरेपछि किसानहरुलाई तरकारी ढुवानी गर्न ज्यादै सहज भएको उनी बताउंछन्। २ वटा वडाको मात्र कुरा गर्ने हो भने पनि सिजनमा दैनिक ८० क्वीन्टल तरकारी घरबाटै बिक्री हुने गर्छ भन्ने सुन्दा सबैलाई अचम्म लाग्न सक्छ। तर, वर्षाको मुखमा पनि हामीले आंखाले भ्याएसम्म तरकारीको सागर मात्र देखे पछि पत्याउन करै लाग्यो। गाउंका प्रायः सबै किसान तरकारी खेती गर्दा रहेछन्। केही बचेको जग्गामा उखु खेती गर्ने चलन पनि रहेछ। घरदेखि टाढा र अपायकमा जग्गा हुनेहरुले मात्र परम्परागत खेती गर्ने गरेको कुरा थाहा पाइयो।



संस्थाका अध्यक्ष जोगी महतो

समूहमा प्रवेश गर्नु भन्दा पहिला ५ जना छोराछोरी समेत ७ जनाको परिवारको दुःख दुःखले चलाइरहेकी समूह नं.१८८ की फूलोदेवी महतो समूहमा पसेपछि आफूले हासिल गरेको उपलब्धी सुनाउंदै भन्छिन्, "गत साल ३ कट्ठा जग्गामा कांक्रो रोपेका थियौं ९० हजारको बिक्री गर्‍यौं, त्यै बीस हजार त खर्च भयो होला ! ३ महिनामा यति पैसा कमाएपछि यस वर्ष ८ कट्ठामा तरकारी खेती गरेका छौं। तरकारीको वर्षमा ४ सिजन हुन्छ र घरकै परिवारले काम गर्छौं। पैसा फल्ने भएपछि सबै जनालाई काम गर्न जांगर चल्दो रहेछ। पोहोर छोरीको बिबाह गर्‍यौं। घर बनाउन डेढ लाख लाग्यो तर पनि फाल्टु ऋण गर्नु परेको छैन। वार्षिक कमाईले यो सबै पुगेको छ। साना किसानले हामीलाई बाटो देखायो। त्यो बाटोमा हिंडेरै आज यतिको भएका छौं।"

हामीले बाटोमा ६२ वर्षका बिन्देश्वर महतोलाई भेट्यौं। तपाई समूहमा हुनुहुन्छ ? भनेर सोध्दा उनले बताए, "मलाई चै धनी हुनु परेको छैन ? समूहमा नबसी कसरी हुन्छ ?" समूह नं.१७९ का ती बूढा सदस्यले ६०% वार्षिक व्याजमा ऋण लिनु पर्दा पनि सहुले दिने सास्ती सम्झदै भने, "कागज लेखाएको ५० रुपैयां पनि हामीलाई नै तिराउंथ्यो। धितो दिन सकेन भने कसैले पत्याउंदैन थियो। छोरीको बिबाहमा ५०० रुपैयां ऋण नपाएपछि ३ कट्ठा जग्गा दहेज नदिई भएन। अहिले समूहमा पसेर तरकारी खेती गरें, पैसा कमाएं, संस्थाबाट थप ऋण लिएर २ छोरालाई पालै पा विदेश पठाएं। हामी खुब मेहनत गर्न सक्ने जात भएकोले विदेशमा पनि छोराहरूलाई सजिलै भएको छ। समूहमा बस्नु अघि यही झुपडी मात्र थियो। खुल्ला चौर नै शौचालय हुन्थ्यो। आज घर त व्यवस्थित बनाएको छैन तर शौचालय बनाएको छु। शौचालयमा जाने बानी पनि संस्थाले नै सिकायो। जग्गा त थियो तर त्यसले खान मात्र पुग्दथ्यो। समूहमा पसिसकेपछि तरकारी खेतीलाई आवश्यक पर्ने टायर गाडा, गोरु, थ्रेसर, पम्पसेट, तुरपिन (उखु पेल्ने मेशिन) जस्ता आवश्यक सामान वर्षेनी जोड्दै छु। हिजो मलाई मान्छे नै नगन्ने ठाउंमा आज हात पसाऱ्यो भने लाख रुपैंया समेत पत्याउने भएको छु। एक डेढ बिगा जमिन जोडेको छु, बेलामा बृद्धि पुऱ्याएर साना किसानमा लाग्नु नै मेरो भाग्य बन्यो।"

हामी संस्थाका प्रबन्धक शिबु यादवलाई खोजीरहेका थियौं। बिहानको ७.३० भएको हुंदो हो उनी घरमा थिएनन्। पर गाउंमा भेटिए। पानी गर्जी र हाफपेन्ट लगाएर एउटा किसानको घरमा किस्ता उठाउन गएका रहेछन्। "यति राम्रो संस्थाको पनि किस्ता उठाउन घर-घर जानु पर्छ र शिबुजी ?" मैले जिस्क्याएं। गम्भीर हुंदै उनी बताउंछन्- "बर्षा किसानको समय हो। उनीहरुलाई मुश्किलको समयमा हामीले कसरी सकिन्छ, त्यसरी मद्दत गर्नु पर्छ। हामीले उनीहरुको मर्म नबुझे संस्था आफ्नो हो भन्ने कसरी हुन्छ ?" अरु समयमा अन्तरसमूह बैठकमा नै बचत र किस्ता असुली हुने उक्त संस्थाका सबै किसान नियमित रुपमा मासिक व्याज बुझाउंदा रहेछन्। प्रायः सबै काम अन्तरसमूहमा नै सिध्याईंदो रहेछ।

नातिनी सिकिस्त बिरामी भई १ महिनादेखि काठमाडौंमा उपचार भइरहंदा पनि शिबु बिमारी हेर्न पुग्न सकेका छैनन्। "त्यहां जानु भनेको मेरो परिवारको मात्र काम हुनु हो, यहां अहिले ५०० किसानको काम गर्न धमाधम छ। दुई जनामात्र कर्मचारी छौं।"

हामी अवाक भयौं। त्यो मेहनतीहरुको गाउं तरकारीको गाउं र प्रतिबद्ध अगुवाहरुको गाउं सधैं सफल रहोस् भन्ने शुभकामना दिंदै बिदा भयौं।

* * *

# साना किसान विकास बैंक (वित्तीय संस्था) को चौथो वार्षिक साधरण सभा सम्पन्न

काठमाडौं, साना किसान विकास बैंक लि. (वित्तीय संस्था) को चौथो वार्षिक साधारण सभा यही २०६३ जेष्ठ २७ गते शनिबारका दिन सहकारी प्रशिक्षण केन्द्र, नयाँ बानेश्वर, काठमाडौंमा सम्पन्न भयो । कार्यक्रममा शेयरधनी संस्थाहरु क्रमश: नेपाल सरकार (अर्थमन्त्रालय), कृषि विकास बैंक लि., नेपाल बैंक लि, नबिल बैंक लि. र बिभिन्न शेयरधनी साना किसान सहकारी संस्था लि.हरुका प्रतिनिधिहरुको सहभागिता रहेको थियो । कार्यक्रममा बैंकका अध्यक्ष श्री योगेश्वर पन्तले आ.व.२०६१/६२ को वार्षिक प्रतिवेदन प्रस्तुत गर्नु भएको थियो ।



कृषि विकास बैंकको सहयोगमा स्थापना भएका साना किसान सहकारी संस्थाहरुमा रहेको कृषि विकास बैंकको कर्जा साना किसान विकास बैंकमा हस्तान्तरण गरी यस पर्यान्त उक्त संस्थाहरुको साना किसान विकास बैंकसंग कारोबार गर्ने व्यवस्था मिलाइए अनुरुप २०६३ बैसाख सम्ममा कुल रु.८५ करोड ५८ लाख ६१ हजारको पोर्टफोलियो साना किसान विकास बैंकमा हस्तान्तरण भइसकेको जानकारी गराइएको थियो । जसमध्ये ५५ करोड ४० लाख ७० हजार असुल भइ सकेको र रु.३० करोड १७ लाख ९१ हजार संस्थाहरुमा लगानीमा बाँकी रहेको बताईयो । बैंकले स्थापनाकालदेखि यस अवधिसम्ममा रु.१ अरब २३ करोड ८९ लाख थप कर्जा लगानी गरेको छ भने नयाँ लगानी मध्ये ५८ करोड ३९ लाख २० हजार समेत गरी कुल रु.१ अरब १३ करोड ७९ लाख ९० हजार साँवा तथा २४ करोड २५ लाख ८२ हजार ब्याज असुल गरिसकेको छ । साना किसान विकास बैंकसंग कारोबार गर्ने संस्थामा आवद्ध भएका ८१ हजारभन्दा बढी साना किसान परिवारहरु यस कार्यक्रमबाट लाभान्वित भएका छन् ।

वित्तीय सेवाको अतिरिक्त बैंकले साना किसान सदस्यहरु, संस्थाका नेतृत्व वर्ग र कर्मचारीहरुको क्षमता अभिवृद्धिका लागि विभिन्न तालिम र गोष्ठीको आयोजना गर्ने गरेको छ । आन्तरिक द्वन्द्वबाट प्रभावित ३८ वटा साना किसान सहकारी संस्थाहरुलाई पुन: सञ्चालनमा ल्याउन रफिन, जी.टी.जेड र कृषि विकास बैंक समेतको सहयोगमा बैंकमा स्थापित पुनर्स्थापना कोषबाट मद्दत गरिएको कुरा उल्लेख गर्दै एउटा सक्षम साना किसान सहकारी संस्थाको अगुवाइमा अर्को गा.वि.स.साना किसान सहकारी कार्यक्रम विस्तार गर्ने कार्यमा बैंकमा रहेको अनुशरण ट्रष्ट कोषबाट सहयोग गरिँदै आएको र यसबाट ४ वटा थप साना किसान सहकारी संस्थाहरुको स्थापना भइ सकेको कुरा प्रस्तुत प्रतिवेदनमा जनाइएको छ । प्रतिवेदनमा बैंकले आ.व.२०६१/६२ मा नगदमा आधारित खुद नाफा रु.४ लाख ८१ हजार आर्जन गरेको कुरा उल्लेख गरिएको छ । बैंकको वित्तीय स्वसक्षमतालाई ध्यान दिदै स्थानीय साना र सिमान्त किसानहरुलाई प्रभावकारी ढङ्गबाट लघुवित्त सेवा पुर्‍याउन बैंकले ऋण, बचत र बीमाका नयाँ सेवा लागु गर्ने, सेवा क्षेत्रको विस्तार गर्ने, संस्थागत विकास अनुशरण कार्यक्रम विस्तार गर्ने तथा संस्थाहरुलाई वित्तीय रुपले स्वसक्षम र दीगो बनाउन आवश्यक क्रियाकलाप सञ्चालन गर्ने जस्ता नीतिहरु अवलम्बन गरेको कुरा जनाइएको छ ।

साधारण सभाका सहभागीहरुबाट उठाइएका जिज्ञासाहरुको बैंकका अध्यक्ष श्री योगेश्वर पन्त, महाप्रबन्धक श्री पुरुषोत्तम श्रेष्ठ तथा वरिष्ठ प्रबन्धक श्री शिवराम कोइरालाले जवाफ दिनु भएको थियो ।

पाना नं. ५ को बाँकी अंश

कारणहरु अध्ययन गरेर त्यसबाट संस्थाहरुले लिनु पर्ने शिक्षाको बारेमा प्रचार प्रसार गरिनु आजको आवश्यकता बनेको छ । असफलताका अधिकांश कारणहरु नीति नियम नभएर कार्यान्वयन पक्षको कमजोरी देखिएकाले संस्थाहरुमा शुसासनको प्रत्यभूती गर्न सक्ने गरी जागरण फैलाउनु परेको छ ।

२) छुट तथा अन्य प्याकेज : नेपाल सरकार तथा अन्य बैंकहरुले समय समयमा घोषणा गर्ने छुट कार्यक्रमले एउटै घरका दुई ढोकाबाट पस्ने दाजुभाइमा एक भाइलाई हीनताबोधको हुन गई कार्यक्रममा भ्रम पैदा हुने देखिएको छ । छुट कार्यक्रमलाई प्याकेजका रुपमा भन्दा वास्तविक साना किसान, दैवी प्रकोपलाई आधार मानी छुट दिने व्यवस्था नभएमा वास्तविक साना किसान र पिछडिएको, पीडित वर्ग सेवाबाट वञ्चित रहने हुँदा सम्बन्धित निकायबाट समयमा विचार पुर्‍याई समानुपातिक हुने गरी नीति नियम बनउन आवश्यक छ ।

३) निरीक्षण, अनुगमन तथा नियन्त्रण : संस्थाहरुको उचित निरीक्षण, अनुगमन र नियन्त्रणमा भएका समस्याका कारण कतिपय संस्थाहरुमा आर्थिक अनियमितादेखि अन्य विकृतिहरु देखिन थालेको छन् । नियमित निरीक्षण अनुगमन गरी सुझाव दिँदै जाने र दिएको सुझावको कार्यान्वयन नगरेमा निश्चित मापदण्ड तोकेर कारवाही पनि गर्न सक्ने व्यवस्थालाई प्रभाकारी बनाउन आवश्यक छ । साना किसान सहकारी संस्थालाई निरीक्षण र नियमन गर्नका लागि सहकारी विभागमा निहित केही अधिकार कर्जा लगानी गर्ने बैंकलाई प्रत्यायोजन गर्ने व्यवस्था भएमा साना किसान सहकारी संस्थाहरुमा प्रभावकारी नियन्त्रण पद्धति कायम गर्न सकिने देखिन्छ ।

४) विविध : सरकारले गाउँमा विभिन्न निकायमार्फत पठाउने साधन र स्रोत ग्रामीण स्तरमा रहेका यस्ता साना किसानहरुको नेतृत्वमा सञ्चालित साना किसान सहकारी संस्थाहरु मार्फत लैजान सकेमा संगठित जनशक्तिलाई परिचालन गरी बढी प्रभावकारी रुपमा उपलब्धि हासिल गर्न सकिने अवस्था रहेको छ । स्थानीय स्तरमा रहेका सरकारी निकाय र यस्ता संस्थाबीच समन्वयात्मक कार्यक्रम संचालन हुन सकेमा दोहोरापना र विचलन नहुने देखिन्छ । सरकारबाट समेत यी निकायहरुको समन्वयात्मक कार्यक्रम संचालन गरी तालिम, सुलभ कर्जा तथा उचित बजार व्यवस्थाका क्रियाकलाप सञ्चालनमा सहयोग गर्नु पर्ने देखिन्छ ।

५) संस्थाका सहयोगी निकायहरुले क्षमता अभिवृद्धि कार्यक्रमहरुमा अध्यक्ष र प्रबन्धकमात्र लाई सहभागी नगराई अन्य सञ्चालक र कर्मचारी समेतलाई सहभागी गराउने तर्फ ध्यान दिनु पर्ने देखिन्छ ।

यी माथिका चुनौतीसंग हटेर हैन डटेर लड्दै अगाडी बढ्दै जान सकेमा जस्तोसुकै परिस्थितिमा पनि संस्था अगाडी बढ्न सक्ने कुरालाई नकार्न सकिँदैन ।

# तालिम/गोष्ठी/गतिविधि

## अध्ययन भ्रमण

Winrock International को आयोजनामा December 5-10, 2004 सम्म श्रीलङ्काको SEED भन्ने संस्थाको अध्ययन भ्रमणमा यस बैंकका वरिष्ठ प्रबन्धक श्री शिवराम कोइराला सहभागी हुनु भएको थियो । लघुवित्त तथा ग्रामीण नविकरणीय उर्जाको सम्बन्ध र प्रभावका बारेमा आयोजित उक्त भ्रमण नेपालमा साना किसान विकास कार्यक्रमको सन्दर्भमा उपयोगी र सहयोगी भएको कुरा भ्रमण टोलीका सहभागीहरूले जानकारी गराउनु भएको छ ।

## CICTAB का कार्यक्रमहरुमा सहभागिता

साना किसान विकास बैंकले Center for International Cooperation and Training in Agricultural Banking (CICTAB) भारतको सदस्यता लिए पश्चात् यसका विभिन्न कार्यक्रमहरूमा सहभागिता जनाउदै आएको छ । यसै क्रममा २४ अगस्ट, २००५ मा भएको CICTAB को मेनेजिङ कमीटीको बैठक तथा २९ डिसेम्बर, २००५ मा पुना (भारत) मा भएको उक्त केन्द्रको तेह्रौं जनरल काउन्सील मिटिङ्गमा यस बैंकका महाप्रबन्धक श्री पुरुषोत्तम श्रेष्ठले भाग लिनु भएको छ । उक्त केन्द्रसंगको द्विपक्षीय सम्बन्धले बैंक तथा बैंक मार्फत साना किसान सहकारी संस्थाहरु समेतको मानवीय संसाधन विकासमा महत्वपूर्ण टेवा पुगेको छ ।

यसै सिलसिलामा CICTAB र NIRD को संयुक्त आयोजनामा हैदराबाद (भारत) मा सेप्टेम्बर १२-१७, २००५ सम्म आयोजित "Management of Rural Financing Institutions and Cooperatives for Rural Development" विषयको कार्यक्रममा बैंकका वरिष्ठ प्रबन्धक श्री शिवराम कोइरालाले र डिसेम्बर ५-१०, २००५ मा CICTAB द्वारा पुना (भारत) मा आयोजित Integrated Management Approach in Development of Cooperative and Rural Financing Institutions विषयको कार्यक्रममा यस बैंकको इलाका कार्यालय विर्तामोडका प्रबन्धक श्री बलराम पौडेलले भाग लिनु भएको थियो । एवं प्रकार नेपालु स्थित CICTAB का सदस्यहरको आयोजनामा ३० श्रावण देखि २ भाद्र, २०६२ सम्म काठमाडौंमा आयोजित Executive Development Programme for Cooperative and Rural Financing Institutions विषयक गोष्ठीमा बैंकका प्रबन्धक श्रीमती अञ्जु पाठक र इलाका कार्यालय इटहरीका प्रबन्धक श्री खिलानाथ दाहालले भाग लिनु भएको थियो ।

## साना किसान संघ गठन

राजबिराज/जनकपुर र सगरमाथा अञ्चलमा रहेका साना किसान सहकारी संस्थाहरु संगठित भई साना किसान सहकारी संघ गठन गर्ने उद्देश्यले यही जेष्ठ २३ र २४ गतेदेखि राजविराजमा २ दिने छलफल कार्यक्रम सम्पन्न भयो । साना किसान सहकारी संस्था लि., नकटीरायपुर (सप्तरी) को आयोजनामा सञ्चालित उक्त छलफलमा जनकपुर र सगरमाथा अञ्चल स्तरमा अलग-अलग अञ्चल स्तरीय संघ निर्माण गरिएको छ । उक्त कार्यक्रममा दुवै संघले संघलाई वित्तीय रुपले आत्मनिर्भर बनाउदै संस्थालाई आवश्यक पर्ने गैरवित्तीय सेवा उपलब्ध गराउनका लागि व्यावसायिक योजना तर्जुमा गरेका छन् । छलफल कार्यक्रममा रुफिन/जी.टी.जेड.का कार्यक्रम संयोजक श्री राधा प्रसाद आचार्यले संघलाई आफ्नो संस्थाले सकेसम्म सहयोग गर्ने बताउनु भयो । साना किसान विकास बैंकका सञ्चालक एवं साना किसान सहकारी संघ लि., धादिङका अध्यक्ष श्री खेम बहादुर पाठकले नवगठित संघका पदाधिकारीहरुको जिम्मेवारी र कर्तव्य तथा संघको भूमिका बारेमा प्रकाश पार्नु भएको थियो । नवगठित संघहरु मध्ये सगरमाथामा श्री भरोसी प्रसाद यादवको अध्यक्षतामा ७ सदस्यीय र जनकपुरमा श्री सुदिप्ट नारायण चौधरीको अध्यक्षतामा ९ सदस्यीय तदर्थ समिति गठन गरिएको छ ।

## उच्चस्तरीय गोष्ठी सम्पन्न

धुलिखेल । साना किसान विकास बैंक तथा साना किसान विकास कार्यक्रमको सुदृढीकरणका लागि २०६३ जेठ २१ र २२ गतेका दिन कृषि विकास बैंकको अगुवाईमा उच्च स्तरीय गोष्ठी सम्पन्न भयो । कृषि विकास बैंकका महाप्रबन्धक श्री हरि गोपाल गोर्खाली, साना किसान विकास बैंकका अध्यक्ष तथा कृषि विकास बैंकका उपमहाप्रबन्धक श्री योगेश्वर पन्त, उपमहाप्रबन्धक श्री कृष्ण बहादुर कुंवर र श्री डोलेन्द्र बानियाँ तथा उक्त बैंकका अन्य उच्च पदस्थ अधिकारीहरु एवं साना किसान विकास बैंकका महाप्रबन्धक श्री पुरुषोत्तम श्रेष्ठ लगायत बैंकका अधिकारीहरुको सहभागिता रहेको थियो ।

गोष्ठीमा साना किसान विकास बैंकका तर्फबाट महाप्रबन्धक पुरुषोत्तम श्रेष्ठ सहित वरिष्ठ प्रबन्धकहरु श्री बिष्णु दयाल सिंह र शिवराम कोइरालाले कार्य-पत्र प्रस्तुत गर्नु भएको थियो भने कृषि विकास बैंकका तर्फबाट साना किसान तथा लघु वित्त विभागका विभागिय प्रमुख श्री ज्ञानेन्द्र बराल र शाखा प्रमुखहरु श्री धुरन ठाकुर र श्री विनोद भट्टराईले कार्य-पत्र प्रस्तुत गर्नु भएको थियो ।



कार्यपत्रको छलफल पछि समीक्षा गर्दै कृषि विकास बैंकका महाप्रबन्धक श्री हरिगोपाल गोर्खालीले साना किसान विकास बैंक स्थापनाको मूल मर्मलाई बचाएर साना किसान विकास बैंकको सुदृढीकरणका योजना ल्याउनु पर्ने बताउनु भयो । "साना किसान बैंकले बनिबनाऊ पुराना संस्थाबाट नै कारोबार शुरु गर्नु परेको छ । यदि ग्राहक छान्ने र आफै तयार गर्ने अवस्था हुंदो हो त अहिलेको भन्दा धेरै राम्रो अवस्था हुने अन्दाज गर्न सकिन्छ । सुधारको लागि बलियो Capital Base प्रमुख कुरा भएता पनि यसका लागि सजिलो छैन र बहुमत शेयर साना किसान सहकारी संस्थाले लिन सक्नु भन्ने योजना गरिएता पनि संस्थाहरुले २ करोडको शेयर पुऱ्याउन नसकिरहेको हुंदा वैकल्पिक उपायहरु सोच्ने बेला पनि भएकै हो । तर अहिलेको आवश्यकता भनेकै पूंजीलाई क्षय हुन नदिनु नै हो । उहाँले बताउनु भयो । अन्य बैंकहरुबाट कर्जा लिई साना किसानसम्म पुग्दा ३ वटा तह पार गर्नु पर्ने भएकोले गर्दा पनि साना किसान विकास बैंकको ब्याज केही महंगो पर्न जाने उल्लेख गर्दै सस्तो स्रोत खोज्ने र ब्याजदर घटाउने दुवै विकल्पलाई खुला राख्नु पर्ने सुझाव समेत दिनु भयो । लगानी बढाउँदैमा मात्र प्रगति मात्र नसकिने तर्फ औंघ्याउँदै उहाँले वास्तव मै सदपयोग र समयमा फिर्ता हुने गरी भएको गुणस्तरीय लगानी गर्न सक्नुमा नै बैंकको ध्यान केन्द्रित हुनु पर्ने विचार व्यक्त गर्नु भयो । कृषि विकास बैंकले लामो अवधीदेखि लघु वित्त कार्यक्रम चलाई आएको भएता पनि अब सो कार्यक्रमलाई सुदृढ बनाउने तर्फ सबैको ध्यान जानु पर्ने राय व्यक्त गर्नु भयो ।

लामो द्वन्दका कारण ग्रामीण क्षेत्रमा रहेका ग्राहक साना किसान सहकारी संस्थाहरुको प्रगति खस्केको भएतापनि त्यसलाई अबको सहज परिस्थितिमा सुधार गर्न सकिने भएकोले बैंकले सुधार कार्यक्रम लागु गर्नु पर्ने धारणा राख्दै साना किसान विकास बैंकका अध्यक्ष तथा कृषि विकास बैंकका उपमहाप्रबन्धक श्री योगेश्वर पन्तले अब साना किसान विकास बैंकको व्यावसायिक योजना अनुसार कृषि विकास बैंकले line og Credit मा कर्जा उपलब्ध गराउने विधीको विकास गर्नु उपयुक्त हुने राय व्यक्त गर्नु भयो । कृषि विकास बैंकका उपमहाप्रबन्धक श्री कृष्ण बहादुर कुंवरले भन्नुभयो- बैंक स्थापनाको मूल मर्मलाई बचाएर प्रचलित कानुन बमोजिम प्रकृयागत सुधारहरु गर्दै जानु पर्छ । बैंकले आफ्नै कर्मचारी तयार गरेर व्यवसायिकताको विकास गरी प्रतिस्पर्धात्मक लघुवित्त बजारमा आफुलाई प्रमाणित गर्न सक्नु पर्छ । गोष्ठीमा भएका कार्यपत्र र विचारहरु ज्यादै सान्दर्भिक र ठीक समयमा आएका छन् । महत्वपूर्ण कुराहरुलाई सकेसम्म चाँडो टुङ्गो लगाउनु पर्छ ।

कृषि विकास बैंकका उपमहाप्रबन्धक श्री डोलेन्द्र बानियाले साना किसान विकास बैंक कृषि विकास बैंकको ठूलो ग्राहक संस्था पनि भएकोले यसका समस्या बुझ्नु र निरीक्षण गर्नु बैंकको कर्तव्य भएको बताउनु भयो । साना किसान विकास बैंकले संस्था मार्फत सामुदायिक कार्यक्रम सञ्चालन गर्न सक्ने उपायहरुको खोजी भइरहेको बताउँदै उहाँले दातृ संस्थाहरुसँग पनि वार्षिक कार्यक्रमको आधारमा सहकार्य हुने गरी सुमधुर सम्बन्ध कायम राख्नु पर्ने विचार व्यक्त गर्नु भयो ।

कार्यक्रमको अन्तमा श्री कृष्ण लामिछाने र कलेन्द्र भट्टराईले गोष्ठीको साराश र निष्कर्षहरु तयार पारी प्रस्तुत गर्नु भएको थियो ।

**साना किसान विकास बैंक(वित्तीय संस्था)द्वारा प्रकाशित यो द्वैमासिक पत्रिकाले लघुवित्त तथा सहकारी विकासमा संलग्न भएका संघ/संस्था, विज्ञ र जिज्ञासुहरुसम्म बैंकका क्रियाकलापहरुका साथै लघुवित्त क्षेत्रका राष्ट्रिय/अन्तर्राष्ट्रिय गतिविधिहरु पुऱ्याउन प्रयत्न गर्नेछ । यस पत्रिकामा प्रकाशित सामग्रीले लेखकको निजी विचार र अवधारणालाई स्वतन्त्रता पूर्वक प्रतिविम्बित गर्ने भएकोले उक्त विचारहरु प्रति बैंकको सहमति/असहमति रहेको भन्ने अर्थ लाग्ने छैन ।**

**लघुवित्तको साझा विचार मञ्चको रुपमा प्रकाशन गरिने यस पत्रिकामा लघुवित्त सम्बन्धी खोज, अनुसन्धान, विचार, अनुभव, उपलब्धी, रोचक प्रसंग वा समाचार पठाई सहयोग पुऱ्याइदिन सम्पूर्ण विज्ञ, लेखक, लघुवित्तकर्मी र पाठक वर्ग समक्ष अनुरोध गर्दछौं ।**

**पत्राचार ठेगाना**
**साना किसान विकास बैंक लि. (वित्तीय संस्था)**
बिजुलीबजार, नयाँबानेश्वर, काठमाडौं
पो.ब.नं. २१९५६
Email: skbbl@mos.com.np

### साना किसान विकास बैंक लि. (वित्तीय संस्था) प्रगति झलक

| क्र.स. | विवरण | | जम्मा |
|---|---|---|---|
| १. | इलाका कार्यालय संख्या | | ८ |
| २. | कुल कर्मचारी संख्या | | ४७ |
| ३. | कारोबार गर्ने साना किसान सहकारी संस्था संख्या | | १३६ |
| ४. | संलग्न साना किसान परिवार संख्या (२०६२ चैत्र सम्ममा) | | ८१,३३३ |
| ५. | महिला सदस्य संख्या (२०६२ चैत्र मसान्त सम्ममा) | | ३८,३८३ |
| ६. | स्थापना देखि हाल सम्म | हस्तान्तरण भई आएको साँवा | ८६,७५,५२ |
| | | कुल लगानी | १,२९,८२,३२ |
| | | साँवा असुली | १,२०,४३,४९ |
| | | ब्याज असुली | २५,०९,७२ |
| ७. | चालु आ.व. मा यस बैंकबाट भएको लगानी(रु.हजारमा) | | ४५,८६,५० |
| ८. | चालु आ.व. मा जम्मा असुली साँवा (रु.हजारमा) | | ४३७४,८१ |
| ९. | चालु आ.व. मा जम्मा ब्याज असुली (रु.हजारमा) | | ७,४०,३५ |
| १०. | हस्तान्तरण भैआएको मध्ये बाँकी ल.ए.ए. (रु.हजारमा) | | २९,९३,५३ |
| ११. | कुल लगानीमा बाँकीरहेको रकम (रु.हजारमा) | | ९६,११,३५ |